## लहान नगरपालिकाको कार्यालय

## लहान, सिराहा

# करार सैंवाको चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी व्यवस्थापन कार्यविधि, २०७९

**करार सेवाको चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी व्यवस्थापन कार्यविधि, २०७९**

**प्रस्तावना :-**

स्वास्थ्य सँस्था, बर्थिंग सेन्टरहरुमा करार सेवामा भर्ना गरि नगरक्षेत्र भित्रका जनताले सर्व सूलभ तरीकाले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न केहि चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी व्यवस्थापनलाई ब्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय स्वास्थ्य तथा सफाई ऐन, २०७५ को दफा २१ र स्थानीय सरकार सँचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को १ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

**प्रारम्भिक**

१. सँक्षिप्त नाम र प्रारम्भ :(१) यो कार्यविधिको नाम "करार सेवाको चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "अनुमति" भन्नाले स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ अनुसार तोकिएको निकायले दिएको स्वीकृति वा अनुमति सम्झनु पर्छ । साथै सो शब्दले "लहान नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५" अनुसार स्थानीय तहले दिएको अनुमतिलाई समेत जनाउछ ।

(ख) "ऐन" भन्नाले यस नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) "स्वास्थ्य सँस्था" भन्नाले यस पालिका अन्तर्गत सँचालित स्वास्थ्य चौकी, नगर स्वास्थ्य केन्द्र र अधारभूत स्वास्थ्य केन्द्र सम्झनुपर्छ ।

(घ) "दरबन्दि" भन्नाले सँघिय सरकारबाट स्वास्थ्य सँस्थालाई प्राप्त स्वीकृत स्वास्थ्यकर्मी दरबन्दि र यस पालिकामा गुणस्तरीय स्वास्थ्य सेवा तथा सेवा विस्तारको लागि थप स्वास्थ्य प्राविधिक जनशक्ति लाई समेत जनाउछ ।

(ङ) "नियमावली" भन्नाले स्वास्थ्य सेवा नियमावली २०५५ सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसँख्या मन्त्रालय सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले लहान नगरपालिका सम्झनु पर्छ ।

(ज) "करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी" भन्नाले स्वास्थ्य सँस्थामा स्वास्थ्यकर्मी अभावलाई कम गर्नका लागि नियुक्त गरिएको करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी सम्झनु प्रर्छ ।

(झ) "समिति" भन्नाले करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी पदपूर्ति तथा सिफारिश समिति सम्झनु पर्छ ।

परिच्छेदः २

**स्वास्थ्य सँस्था छनौट तथा करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी अनुदान बिवरण**

३ स्वास्थ्य सँस्था छनौटका अधारहरु :-

करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी बितरणका लागि स्वास्थ्य सँस्था छनौटका अधारहरु देहाय बमोजिम हुनेछन :-

(क) बर्थिगँ सेन्टर, नगर स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र ।

(ख) स्वास्थ्य सेवामा पहुँच कम भएका दुर दराजका स्वास्थ्य सँस्थाहरु ।

(ग) भौतिक पूर्वाधार भएका स्वास्थ्य सँस्थाहरु ।

(घ) नेपाल सरकारको एक वडा एक अधारभूत स्वास्थ्य केन्द्रको अवधारणा अन्तर्गत स्वास्थ्यकर्मीको पहुँचलाई पुर्ति गर्न ।

(ङ) गुणस्तरीय सेवा प्रदान गर्न हेतु चिकित्सक भर्ना हाललाई पालिका भित्रका केहि स्वास्थ्य सँस्थामा पाईलट कार्यक्रमको रुपमा मात्र भर्ना गर्न सकिने छ ।

४. करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी बितरण

(क) बर्थिङ्ग सेन्टर, आधारभूत स्वास्थ्य केन्द, स्वास्थ्य चौकी र नगर स्वास्थ्य केन्द्रहरुमा आवश्यकतानुसार सेवा विस्तार गर्न थप करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी उपलब्ध गराइनेछ ।

(ख) स्वीकृत बजेटको परिधिभित्र रही छनौट भएका स्वास्थ्य सँस्थाहरुमा करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी उपलब्ध गराइनेछ ।

## परिच्छेद-३

## करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था

५. करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी भर्ना सम्बन्धि व्यवस्था :-

यस नगरपालिकाले करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी भर्ना देहाय बमोजिमका अधारमा गर्नेछ ।

(१) कार्यालयको सूचनापाटी, स्थानीय पत्रिका, वेभसाईट सेवा करार भर्ना सम्बन्धि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) आवेदन दस्तुर :- कार्यालय सहयोगी :- ५००/- (पाँच सय), स्वास्थ्यकर्मी :-७००/- (सात सय) र चिकित्सक :-१०००/- (एक हजारमात्र) दस्तूर लाग्ने छ ।

(३) करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी छनौटका लागि नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी पदपूर्ति तथा सिफारिश समिति गठन गरिने छ ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- अध्यक्ष

(ख) नगर स्वास्थ्य समितिको सदस्यहरुमध्येबाट सो समितिको अध्यक्षले तोकेको (२) दुइ जना- सदस्य

(ग) सम्बन्धित बिषयको विषय विज्ञ एक जना - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(४) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी पदपूर्ति तथा सिफारिश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी व्यवस्थापन कार्यविधिले तोकिएको मापदण्डको आधारमा परिक्षा सँचालन गर्ने,

(ख) बिषय विज्ञहरु आवश्यकता बमोजिम चयन गर्ने,

(ग) परिक्षालाई स्वच्छ, मर्यादित र सुरक्षित वतावरणमा सम्पन्न गराउन आवश्यक रेखदेख, समन्वय र अनुगमन गर्ने,

(घ) परिक्षामा अनियमीत काम गर्ने व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाही गर्ने/गराउने,

(ङ) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी नियुक्तिका लागि सिफारिश गर्ने ,

(च) स्वास्थ्य सँस्थाको सिफारिशमा चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुको करार सम्झौता रद्द गर्ने,

(छ) करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुलाई आवश्यकतानुसार तालिमको व्यवस्था मिलाउने।

(५) उपदफा १ बमोजिम प्रकाशित विज्ञापनमा देहायका व्यक्ति उम्मेदवार हुने पाउने छन्।

(क) कार्यालय सहयोगीका लागि एस.एल. सी.वा सो सरहको परिक्षा उत्तीर्ण गरेको,

(ख) स्वास्थ्यकर्मीहरु लागि सम्बन्धित बिषयको कोर्ष तथा काउन्सिल उत्तीर्ण गरेको,

(ग) चिकित्सकको लागि सम्बन्धित विषयमा स्नातक उतिर्ण वा सो सरहको काउन्सिल उत्तीर्ण गरेको,

(घ) नेपाली नागरिक हुनु पर्ने,

(ङ) १८ बर्ष उमेर पुगेको र ४० बर्ष पुरा नभएको,

(च) मानसिक अवस्था नबिग्रेको,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ज) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको।

## (६) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको सेवा शर्त सुबिधा :-

यस कार्यविधि अनुसार करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीमा नियुक्ति भएकाले देहाय अनुसारको सुविधा पाउनेछन् :

(१) चिकित्सकलाई मासिक रु. ४०,०००/-(चालिस हजार मात्र), स्वास्थ्यकर्मी चौथोलाई मासिक रु २०,०००/-(बिस हजार मात्र ), पाँचौ तहलाई २५,०००/- (पचिस हजार मात्र ) र कार्यालय सहयोगीलाई रु.१५,०००/-(पन्ध्र हजार मात्र ) हुनेछ।

(२) करार सम्झौतामा तोकिए बमोजिमको कार्य अवधि हुनेछ।

(३) करार चिकित्सक, स्वांस्थ्यकर्मी र कार्यालय सहयोगीले चाड पर्व खर्च लगायत अन्य सुविधाहरु नपाउने।

(४) कार्यविधि बमोजिमको करार सेवा दिने व्यक्तिले नेपाल सरकारले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक विदावाहेक स्वास्थ्य सेवा नियमावलीमा तोकिए अनुसारको भैपरी र पर्व विदा मात्र पाउने ।

(५) यस कार्यविधि अनुसार नियुक्ति भएको करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीले सेवा करारमा उल्लेखितभन्दा थप सुविधा नपाउने र थप सुविधाको लागि दावी गर्न पनि नपाउने ।

(६) करार अवधि समाप्त भई सकेपछि त्यस्ता चिकित्सक, स्वास्थ्यकर्मी, कार्यालय सहयोगीहरुलाई नगरपालिकाले कार्यसम्पादन मूल्याङकनका अधारमा नविकरण गर्न सक्नेछ ।

७. **परिक्षा सम्बन्धि व्यवस्था :-**

नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी राख्ने प्रयोजनको लागि परिक्षा सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) नगर करार चिकित्सक, स्वांस्थ्यकर्मी र कार्यालय सहयोगी छनौट सम्बन्धि परिक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क देहाय बमोजिम हुनेछ ।

(क) अन्तर्वार्ता :- पूर्णाङ्क १०० अँक र उत्तीर्णाङ्क ४० अँक

(२) उपदफा एक (१) को (क) बमोजिम लिइने अन्तर्वार्ता परिक्षामा निम्नानुसार मुल्यॉकन गरिनेछ ।

(क) शैक्षिक योग्यता - १० अँक
न्युनतम योग्यता - १० (प्रथम श्रेणी-१०, द्वितीय श्रेणी -५, तृतीय श्रेणी -३ )

(ख) तालिम- ५ अँक (सम्बन्धित विषयमा १ महिना वा १ महिनाभन्दा बढी )

(ग) स्थायी ठेगाना - १० अँक
सम्बन्धित न.पा. - १० अँक
सम्बन्धित जिल्ला - ८ अँक
सम्बन्धित प्रदेश - ४ अँक

(घ) कार्य अनुभव - ५ अँक (प्रति बर्ष कार्य अनुभव १ अँकको दरले )

(ङ) अन्तर्वार्ता - ७० अँक
बिषय वस्तुको ज्ञानमा - ४० अँक
प्रस्तुतिकरणमा - २० अँक
अनुशासन तथा व्यक्तित्वमा - १० अँक

(३) उपदफा १ को क बमोजिम लिइने अन्तर्वार्तामा अँक ७० प्रतिशतभन्दा माथि र ३५ प्रतिशतभन्दा कम दिंदा कैफियत उल्लेख गरिनेछ ।

(४) अन्तर्वार्ताबाट प्राप्ताङ्कको आधारमा अन्तिम नतिजा प्रकाशित गरिनेछ ।

८. **अन्तिम नतिजा प्रकाशन सम्बन्धि व्यवस्था :**

(१) दफा ८ को उपदफा ३.३ बमोजिम सबैभन्दा बढी अँक प्राप्त गर्ने उम्मेदवारहरु

तर, दफा ५ को उपदफा ३ बमोजिम समितिको सिफारिशको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना आदि समेत उल्लेख गरी अन्तिम योग्यताक्रम अनुसार अन्तिम नतीजा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा पद सँख्याभन्दा दोब्बर सँख्यामा वैकल्पिक उम्मेवारको सूचि समेत प्रकाशन गर्नु पर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूचि सूचनापाटीमा समेत राखिनेछ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सँचार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राखिनेछ।

९. **करार सम्झौता रद्द गर्न हुने :**

(१) देहायको अबस्था भएमा स्वास्थ्य सँस्थाको सिफारिशमा नगरपालिकाले जुनसुकै वखत सम्बन्धित चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको करार सम्झौता रद्द गर्न सक्नेछ।

(क) विना सुचना लगातार १५ दिनभन्दा बढी स्वास्थ्य सँस्थामा अनुपस्थित भएमा,

(ख) करार सम्झौतामा उल्लेख गरिएका सर्तहरु पालना नगरेमा,

(ग) चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीले गर्नुपर्ने अचारसँहिता पालना नगरेमा,

(घ) स्वास्थ्य सँस्थाले तोकेको अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा,

(२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीलाई सफाई पेश गर्ने मौका नदिई सेवाबाट हटाउन पाइनेछैन।

## परिच्छेद-४

**विभिन्न निकायहरुको भूमिका**

१०. लहान नगरपालिकाको भूमिका : नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीका लागि स्वास्थ्य सँस्था छनौट तथा वितरणमा लहान नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) तोकिएको अधार बमोजिम नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी प्राप्त गर्ने स्वास्थ्य सँस्थाको छनौट गर्ने,

(ख) प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा करारमा लिने,

(ग) छनौट भएका नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको काम कारबाहीको बारेमा समय समयमा अनुगमन गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवा सुधारको लागि स्वास्थ्य सँस्थासँग समन्वय गर्ने,

(ङ) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगी व्यवस्थापन भए गरेका काम कारबाही सम्बन्धित निकायमा जानकारी पठाउने,

(च) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने गराउने,

(छ) स्वास्थ्य सँस्थाहरुको प्राथमिकता क्रमको सूचि तयार गर्ने,

(ज) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुको सेवा शर्त र सुविधा निर्धारण तथा संशोधन गर्ने,

(झ) यस कार्यविधि अनुसार कुनै एक पक्षले करार सम्झौता भंग गरेमा वा अन्य कुनै कारणले स्वास्थ्य सेवा उपलब्ध नभएमा बाँकी अवधिको लागि प्रचलित कानुन बमोजिम चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको व्यवस्था गर्ने,

(ञ) स्वास्थ्य सँस्थाको सिफारिशमा चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीहरुको करार सम्झौता रद्द गर्नेछ ।

११. स्वास्थ्य सँस्थाको भूमिका :- नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको लागि छनौट भएका स्वास्थ्य सँस्थाको भूमिका देहाय बमोजिम हुनेछ :-

(क) छनौट भएका स्वास्थ्य सँस्थाको करार सम्झौता गर्ने ,

(ख) नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको लागि थप अचारसहिता आवश्यक पर्ने भए सोको तयारी गरी स्वास्थ्य सँस्था सँचालन तथा व्यवस्थापन समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने ,

(ग) करार सम्झौता उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गर्ने गराउने,

(घ) यस कार्यविधि अनुसार कुनै एक पक्षले करार सम्झौता भँग गरेमा वा अन्य कुनै कारणले स्वास्थ्य सेवा उपलब्ध नभएमा बाँकी अवधिको लागि प्रचलित कानुन बमोजिम चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीको व्यवस्था गर्ने,

(ङ) नगर स्वास्थ्य समितिले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद- ५

**विविध**

१२. थप सुविधा उपलब्ध गराउन सक्ने :- यस कार्यविधि अनुसार नियुक्त भएका नगर करार चिकित्सक, स्वास्थ्यकर्मी र कार्यालय सहयोगीलाई स्वास्थ्य सँस्थाले आफ्नै श्रोतबाट थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

१३. आन्तरिक कार्यविधि बनाउन सक्ने :- यस कार्यविधिमा उल्लेख नभएका बिषयहरुको हकमा यस कार्यविधिको प्रतिकूल नहुने गरी पदपुर्ति तथा सिफारिश समितिले आन्तरिक कार्यविधि तयार गरी नगर स्वास्थ्य समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ ।

१४. कार्यविधिको व्याख्या गर्न सक्ने :- कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकूल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार लहान नगरपालिकामा हुनेछ ।

१५. बाझिएमा अमान्य हुने :- यो कार्यविधि प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन नै मान्य हुनेछ र यसमा उल्लेख नभएका बिषयहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।